# इस्मा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
इस्मा रजस्थल, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल


प.सं. ०७७।७८
च.नं.:

मिति: २०७८।०३।०३

यस कार्यालयको मिति २०७८।०२।११ गतेको सूचना तथा मिति २०७८।०३।०२ गते भर्चुअल माध्यमबाट गरिएको कार्यक्रममा प्राप्त आगामी आ.व. २०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रममा समेटिनु पर्ने विषयमा आएका संक्षिप्त राय, सल्लाह तथा सुझावहरू:

<u>देविराम भण्डारी</u>

- भूगोल र जनसंख्या वितरणको अवस्थालाई सुक्ष्म रुपमा अध्ययन गर्ने,
- कृषिसँग सम्बन्धित् उद्योगलाई प्राथमिकतामा राख्नुपर्ने,
- कृषि उपजलाई बजारीकरणको सुनिश्चितता गरी कृषक, सहकारीलाई अनुदान दिने,
- उत्तर दक्षिण कृषि सडक निर्माण गर्ने,
- शित भण्डार र कृषि उपज संकलन केन्द्र संस्थापना गर्ने,
- सडकहरुको स्तरोन्नति गर्ने, सडक छेउ छाउमा एकीकृत बस्ती विकासको योजना गर्ने,
- उत्तरी पहाडी क्षेत्रमा पर्यटकीय क्षेत्र घोषणा गर्ने,
- इस्माकोटमा संग्राहलयको स्थापना गर्ने / सुविधायुक्त होटल खोल्न सघाउँने ।

<u>झविलाल बस्नेत</u>

- दुईवटासम्म दमकलको व्यवस्था गर्ने र प्रत्येक वडामा विपद् उद्दार टोलीलाई प्रशिक्षण दिने,
- स्नातक तहसम्मको पढाईको व्यवस्था मिलाउने,
- गाउँपालिकाभित्र घुम्ती बस सेवा सञ्चालन गर्ने,
- इस्माकोटको इतिहास खोजेर उजागर गर्ने तथा कृषि पेशालाई प्रोत्साहन गर्ने,
- कार्तिकमा सम्झौता गरी जेष्ठसम्म सबै भुक्तानी लिएर असारे विकासको अन्त्य गर्ने,
- प्रत्येक वडामा प्रहरी र बैंकको व्यवस्था मिलाउने,
- महामारी रोग नियन्त्रणका लागि श्रोत साधन र दक्ष जनशक्तिको व्यवस्था मिलाउने ।

<u>हरि थापा थण्डर</u>

- शिक्षा र स्वास्थ्यलाई पहिलो प्राथमिकता दिनु पर्छ ।

विष्णु घर्ती
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

हरि थापा

- पालिकास्तरीय Think Tank निर्माण गर्ने जिरो टोलोरेन्सको सुनिश्चितता गरिनु पर्दछ,
- शैक्षिक गुणस्तर माथी उठाउने तथा Dormitory Towns गुरुयोजना निर्माण गर्नु पर्छ,
- लोकल कोदोको रक्सीलाई ब्याण्ड होइन ब्राण्ड बनाउनु पर्ने,
- स्थानीय औद्योगिक नीति ल्याउनु पर्दछ,
- स्लेट र सेरामिक्स उद्योग / तालिम दिइनु पर्दछ र बाँझो जमिन भू-उपयोग कार्यक्रम ल्याउँने,
- अन्यत्र गई सफल व्यक्ति(इस्माका) सँग अनुभव साटासाट गरौं,
- राजनीतिक बोझ नबोकाउनुहोस् ।

दिल वियोण्ड यूर आइज्

- भू-धरातलीय बनोटका आधारमा सरकारी कार्यालयहरू एकै स्थानमा राख्ने योजना बनाउनुहोस् (गा.पा. केन्द्र, बैंक, प्रहरी, मालपोत, नापी, आदि) ।

थापा समीर

- गुणस्तरीय स्वास्थ्य/शिक्षालाई पहिलो प्राथमिकता दिने,
- कर्मचारी भर्नामा ठाडो नियुक्ति नगर्ने,
- तिनवटै सरकारबाट अनुदान लिएका कृषक अन्य फर्महरूको विवरण सार्वजनिक गर्ने र उनीहरुको उपयोगिताको विश्लेषण गर्ने,
- कति मान्छेले के-के तालिम लिए, त्यसको प्रभाव, असर र प्रयोगको बारेमा हेर विचार गर्ने,
- निजी श्रोतका शिक्षकको पनि सरकारी सरह सुविधा कायम होस् ।
- प्रत्येक वडामा साझा औषधी पसल सञ्चालन गर्ने
- अनावश्यक सडक नबनाई दुर्घटना न्यूनिकरण गर्ने तथा विपद्का घटनामा न्यूनीकरण गर्ने,
- निरपेक्ष गरिबीको रेखामुनी रहेको जनसंख्याको जिवनस्तर उकास्ने
- बाँझा जमिनलाई सिंचाई पुर्‍याई उर्वर बनाउँने,
- उत्पादनमूलक कार्यमा खर्च गर्ने योजना बनाउने,
- साना-साना योजनाहरु नबनाई दीर्घकालीन महत्वका योजन बनाउने,
- एकीकृत बस्ती विकासको योजना बनाउने, एक घर एक धारा अविलम्ब सम्पन्न गर्ने,
- आर्थिक अनियमिततालाई दुरुत्साहन गर्ने ।

विष्णु घर्ती
प्रमुख प्रशासकीय अधिकृत

२

Scanned with CamScanner

गौडे गा.पालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजस्थल, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

भरतजंग क्षेत्री

- कुरोभन्दा बढी काम गर्नुहोला।

महेश बस्नेत न्यूटन

- बाटो मात्र विकास होइन, मानिसको सोंच, व्यवहार र जीवनशैली परिवर्तन गर्नु पर्दछ,
- जीवन उपयोगी सीप, उत्प्रेरणा, रोजगार, घरेलु उद्योग प्रवर्धन र सञ्चालन गरिनु पर्दछ,
- स्वास्थ्य, शिक्षा, र सूचना प्रविधिलाई प्राथमिकता दिनु पर्दछ।

केशव क्षेत्री

- ५० दिने रोजगारको नाम हटाई स्थानीय श्रोत र साधनको प्रयोग गरी इस्माबासीले रोजगार पाउने उद्योग खोल्नु पर्दछ ताकि विदेशिन नपरोस्।

दुर्गा अर्याल/निर्मला पोखेल

- अर्खावाङ्ग- भुल्के खानेपानी योजना यथाशीघ्र सञ्चालन गर्ने र उपभोक्ता कार्ड लागु गर्ने,
- कोभिड अस्पताललाई परीक्षणको लागि यन्त्र उपकरण सबै दिनु पर्ने,
- बाढी पहिरोबाट क्षति कम गर्न एकीकृत सुरक्षित आवास बसाल्ने,
- पहिरो क्षेत्रमा वृक्षारोपण गर्ने, कृषि सडक र झोलुङ्गे पुल निर्माण गर्ने,
- लक्षित वर्गलाई निःशुल्क एम्बुलेन्स  सेवा प्रदान गर्ने।

चन्द्र महत

- विगतको नीति तथा कार्यक्रमको समीक्षा गरिनु पर्ने,
- विकासका क्षेत्रमा गरेको खर्च अत्यन्तै कम छ,
- वार्षिक बजेटमा ढिक्का बजेट राख्नु हुँदैन,
- वडाहरूमा जाने बजेट सिलिङ् ज्यादै न्युन छ,
- हेफरको रकम जनहीतमा छैन, निगरानी गरिनु पर्दछ,
- बजेट धेरै फ्रिज भएको छ, हेफरलाई बजेट दिनु हुँदैन।

८/२
विष्णु घर्ती
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

गाउँ कार्यपालिकाको कार्यालय
इस्मा गाउँपालिका
इस्मा रजस्थल, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

<u>दामोदर भण्डारी</u>

- विपद्‌लाई लक्षित गरेर नीति कार्यक्रममा समावेश गर्ने,
- माटो सुहाउँदो कृषि क्षेत्रलाई अभियानको रुपमा लैजाने,
- खानेपानीमा एक घर एक धारा एकै पटक सम्भव नहोला,
- कार्यान्वयनयोग्य योजना बनाउने,
- मागमा आधारित कार्यक्रम गरिनु पर्दछ ।

<u>भगतसिंह खड्का</u>

- २०७५ सालमा संकलन गरिएको थियो तर लागू त्यती गरिएको थिएन,
- २०७४ सालदेखि हालसम्मको मूल्याङ्कन गरिनु पर्दछ,
- नागरिकको नजरबाट त्यति राम्रो भएन कि भन्ने हो,
- नीतिमा पुनरावलोकन गरिनु पर्दछ, डोजर मात्र चलेका छन्,
- कृषक अनुदान पाउनेहरू वर्षनी दोहरिएका छन्, त्यो नहोस्,
- पशुपालनका कार्यक्रम गाउँपालिकाले गर्नु पर्न, NGO लाई नदिने,
- स्वास्थ्य र शिक्षाको सुविधा राम्रो हुनु पर्दछ,
- अपारदर्शीतालाई पश्रय दिनु हुँदैन ।
- विपदबाट प्रभावितलाई सहयोग गरिनु पर्दछ, पुर्नवासमा लाग्नु पर्दछ,
- शिक्षक / कर्मचारीको सरुवालाई व्यवस्थापन गरिनु पर्ने हुन्छ ।

<u>बाबुराम खत्री</u>

- शैक्षिक क्षेत्रमा २० प्रतिशत बजेट समावेश गरिनु पर्दछ,
- नेपाल सरकारले भनेको १५ हजार सबैलाई पुऱ्याउनु पर्छ,
- राम्रो कार्यक्रम बन्दैछ , अझै राम्रो बनाउँनु पर्दछ ।

<u>पदम बहादुर कुँवर</u>

- पोहोरजस्तै नहोस्, कसैलाई भेदभाव नहोस् ।

आफ्ना अमूल्य रचनात्मक तथा सिर्जनात्मक राय, सल्लाह तथा सुझाव प्रदान गर्नुहुने सम्पूर्ण महानुभावहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

३/३

विष्णु घर्ती
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner